# गुठी संस्थान शाखा कार्यालय, काठमाडौंको

# पसल भाडामा लगाउनेबारे ३० दिने सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७४।७।२ गते)

गुठी संस्थानको पूर्ण स्वामित्वमा रहेको का.म.न.पा. वार्ड नं. २२ मरुटोलस्थित राजगुठीको लगतमा दर्ता रहेको सिंहसत्तलको बीचको र माथिल्लो तलामा हाललाई मन्दिरसँग सम्बन्धित धार्मिक सांस्कृतिक तथा प्रशासनिक कार्यमा प्रयोग गर्ने र साविकमा बहाल लगाई आएको भुइँतला (लम्बाई ४५ फिट ५ इन्च चौडाई २८ फिट ५ इन्च) समेत जम्मा प्लेन्थ एरिया १२९८ वर्ग फिटमा हाल जे जुन अवस्थामा छ, सोही अवस्थामा निम्न शर्तहरु पालना गर्ने गरी ५(पाँच) वर्षका लागि भाडा व्यवस्थापन गर्नुपर्ने भएकोले देहायका शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिदेखि ३० औं दिनको कार्यालय समयभित्र यस कार्यालयबाट रु. ३,०००।- (तीन हजार) (फिर्ता नहुने) तिरी खरिद गर्न सकिनेछ र ३१ औं दिन दिउँसो १२:०० बजेभित्र आफूले खरीद गरेको बोलपत्र फाराममा प्रति वर्गफिट प्रतिमहिना न्यूनतम रु. २००।- (दुई सय) मा नघट्ने गरी मासिक बुझाउन सकार गरेको रकम अंक र अक्षरमा प्रष्ट लेखी सहीछाप गरी शिलबन्दी गरी यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । बोलपत्र साथ बोलपत्रदाता व्यक्तिको स्थायी लेखा नं. र संघ संस्थाको हकमा आयकर दर्ता, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र तथा आ.व. २०७३/०७४ को करचुक्ता प्रमाणपत्रको स्वयंमले प्रमाणित गरेको प्रतिलिपिहरु १/१ प्रति पेश गर्नुपर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु ३१ औं दिन दिनको २:०० बजे यसै कार्यालयमा उपस्थित बोलपत्रदाता/प्रतिनिधि/साक्षीहरुको उपस्थितिमा खोलिने छ । उक्त दिन बिदा परेमा त्यसको भोलिपल्ट उक्त काम हुनेछन् । बोलपत्रदाता/ प्रतिनिधि उपस्थित नभएम पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

२. बोलपत्रसाथ आफूले सकार गरेको ५ (पाँच) वर्षको बहाल रकमको ५ प्रतिशतले हुने रकम यसै कार्यालयको नाममा माछापुच्छ्रे बैंक थापाथलीमा रहेको धरौटी खाता नं. २५-०१-५२४-०८०८९२-०२२ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर वा 'क' वर्गको वाणिज्य बैंकबाट जारी भएको बोलपत्र दाखिला गर्ने अन्तिम दिनबाट कम्तीमा १२० दिन म्याद कायम रहेको शर्तरहित बैंक जमानीको सक्कल प्रति संलग्न हुनुपर्नेछ ।

३. गुठी संस्थानलाई कुनै प्रकारको नगदी जिन्सी बुझाउन बाँकी भएका वा कालोसूचीमा दर्ता भएका व्यक्ति, संघ/संस्थालाई यस प्रकृयामा समावेश गरिने छैन ।

४. बोलपत्रदाता खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्यवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा स्वघोषणा बोलपत्रसाथ गर्नुपर्नेछ ।

५. बोलपत्र सम्बन्धी कागजातमा सहि छाप नभएका, रीत नपुगेको, धरौटी रकम नभएको वा पूरा नभएको, शर्त राखी पेश गरिएका बोलपत्र मान्य हुने छैन । अंक अक्षरमा फरक परी आएकोमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

६. भाडामा लगाउन खोजिएको स्थानमा धार्मिक, सांस्कृतिक मर्यादा विपरीतका मद्यमांस लगायत कानुनले निषेधित गरेका वस्तुको व्यापार व्यवसाय सञ्चालन गर्न दिइने छैन ।

७. रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

८. बोलपत्र स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार गुठी संस्थान प्रधान कार्यालयमा निहित रहनेछ । साथै बोलपत्र स्वीकृतिको सूचना प्राप्त भएको मितिले ७ (सात) दिनभित्र छ महिना बराबरको भाडा बरारबको रकम धरौटी खातामा जम्मा गरी सम्झौता गर्नुपर्नेछ ।

९. माथि उल्लिखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।

१०. थप जानकारीको लागि यस कार्यालयको फोन नं. ०१-४२६१३९२ मा सम्पर्क गर्न सकिनेछ ।